# घरभाडा सम्बन्धी सूचना

## दोस्रो पटक प्रकाशित मितिः-२०८०।०५।२७

प्रस्तुत सम्वन्धमा यस उपमहानगरपालिकाको कार्यालय, पशु सेवा शाखा अन्तर्गतको पशु सेवा केन्द्र नारायणपुरको कार्यालय सञ्चालन तथा सेवा प्रवाहको लागि भवन भाडमा लिनुपर्ने भएको हुँदा तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि ईच्छुक घरधनीहरुबाट दररेट सहितको प्रश्ताव माँग गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

*शर्तहरु*

१. घर घोराही उपमहानगरपालिका अन्तर्गत घोराही तुलसीपुर सडक खण्ड (वडा नं.१० नारायणपुर बजार क्षेत्रको मुल सडक) अन्तर्गत डोक्रेना चोक देखि झारवैरा चोक भित्र हुनुपर्नेछ। साथै सडकबाट दायाँ बाँया ७०० मिटर भित्र रहेको हुनुपर्नेछ।

२. घरधनीले कम्तिमा ३ वटा कोठा सहित ट्वाईलेट, बाथरुम, वत्ती, पानी तथा ईन्टरनेटको सुविधा उपलब्ध भएको हुनुपर्नेछ।

३. घरको बाहिर पशु सम्वन्धी सेवाहरु उपलब्ध गराउनको लागि आफ्नै कम्पाउण्ड तथा खुला क्षेत्र हुनुपर्नेछ साथै घर अगाडी न्यूनतम ५ मिटरको सडक भएको हुनुपर्ने।

४. घर बहालमा दिन ईच्छुक व्यक्तिले अंक र अक्षरमा स्पष्ट खुलेको मासिक भाडा रकम उल्लेख गरिएको निवेदनको साथमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, नक्सापास/अभिलेखिकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७९। ८० को सम्पत्ति कर तिरेको प्रमाणित प्रतिलिपि समेत समावेश भएको खामबन्दी प्रश्ताव यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति २०८०।०६।०२ गते दिनको १२ बजे भित्र) उपमहानगरपालिकाको आन्तरिक व्यवस्थापन शाखा तथा खरिद शाखामा पेश गर्नुपर्नेछ।

५. घरभाडा बापत नियमानुसार लाग्ने कर घरधनीले कबोल गरेको मासिक भाडा रकमबाटै कट्टी हुनेछ।

६. प्रश्ताव स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार उपमहानगरपालिकाको कार्यालयमा निहित हुनेछ।

७. अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत